# वरियारपट्टी गाउँपालिका

## शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि, २०८३

निर्णय नं.: २०८३।०३।०१

स्वीकृत मिति: २०८३।०३।०१

प्रकाशन मिति: २०८३।०५।०४

वरियारपट्टी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वरियारपट्टी, सिरहा
मधेश प्रदेश (नेपाल)
स्था.-२०७३

(गाउँपालिकाको लोगो)

.............................................

१. प्रस्तावना

नेपाल सरकारको शिक्षा नीति २०७६ को रणनीति न ९.२०, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता कार्यविधि २०८०, शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि २०८०, शिक्षक पेसागत विकास प्रारूप २०८०, तथा स्थानीय सरकार संचालन ऐन २०७४ को १०२ को २ बमोजिम वरियारपट्टी गाउँपालिका भित्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर, समावेशिता तथा सक्षमता अभिवृद्धि गर्न शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन गर्न यो कार्यविधि तयार गरिएको हो।

यस कार्यविधि मार्फत विद्यालयलाई सिकाइको केन्द्रको रूपमा विकास गर्दै शिक्षकको पेसागत विकास, पेशागत उत्तरदायित्व तथा विद्यार्थीहको सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याइनेछ। यसले विद्यालय सुधार प्रक्रियालाई संस्थागत र दिगो बनाउने लक्ष्य लिएको छ।

२. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम **शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि, २०८३** रहनेछ। यो कार्यविधि वरियारपट्टी गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मिति बाट लागू हुनेछ।

ख) कार्यविधि भन्नाले **शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि, २०८३** बुझिन्छ।

ग) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा: "शैक्षणिक श्रोत व्यक्ति " भन्नाले शिक्षकको कक्षा अवलोकन गरी विद्यालयमा समावेशी, गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न शिक्षक लाई पेशागत सहयोग गर्ने व्यक्ति भन्ने बुझिन्छ।

घ) "पालिका" भन्नाले वरियारपट्टी गाउँपालिका बुझिन्छ।

ङ) कार्यपालिका भन्नाले वरियारपट्टी गाउँपालिकाको कार्यपालिका बुझिन्छ।

च) "विद्यालय" भन्नाले वरियारपट्टी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय बुझिन्छ।

छ) शैक्षणिक स्रोत व्यक्ति भन्नाले यस कार्यविधि को परिच्छेद ५ बमोजिम नियुक्त भएको व्यक्ति बुझिन्छ।

३. शैक्षणिक स्रोत व्यक्ति परिचालनको लक्ष्य तथा उद्देश्य

वरियारपट्टी गाउँपालिकाभित्रका विद्यालयहरूमा गुणस्तरीय, समावेशी र प्रभावकारी शिक्षण–सिकाइ प्रक्रिया प्रवर्द्धन गर्न शिक्षकहरूलाई नियमित पेसागत सहयोग प्रदान गर्ने यो कार्यविधिको प्रमुख लक्ष्य हो। यसले विद्यालयको शैक्षिक अवस्था, सिकाइ उपलब्धिको निरन्तर अनुगमन र मूल्याङ्कन गरी सुधारका उपायहरू अवलम्बन गर्न सहयोग गर्नेछ।

शैक्षणिक स्रोत व्यक्ति परिचालनका मुख्य उद्देश्यहरू निम्नानुसार छन्।

क) शिक्षकको पेशागत क्षमता विकासका लागि निरन्तर मेंटरिंग, कोचिङ, सहजीकरण तथा पृष्टपोषण प्रदान गर्ने।

ख) कक्षाकोठामा प्रयोग हुने शिक्षण विधि, सामग्री तथा मूल्याङ्कन प्रक्रियामा सुधार ल्याउने।

ग) अपाङ्गता, लैङ्गिकता, भाषा तथा सामाजिक पृष्ठभूमिको आधारमा समावेशी र बालमैत्री शिक्षण पद्धतिको प्रवर्द्धन गर्ने ।

घ) विद्यालयको शैक्षिक अवस्थाको नियमित अनुगमन गरी सुधारका लागि सुझाव दिने ।

ङ) विद्यार्थीको सिकाइ नतिजा विश्लेषण गरी आवश्यक सुधारात्मक कार्यक्रम सञ्चालनमा सहयोग गर्ने ।

च) आधुनिक प्रविधिको प्रयोगमार्फत सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने ।

छ) पालिका स्तरमा बिभिन्न बिषयगत शिक्षकसमुह गठन गरी शिक्षण सिकाइमा आवश्यक सहयोग अदान प्रदान गर्ने

## ४. शैक्षणिक स्रोत व्यक्ति परिचालनका अपेक्षित उपलब्धि

क) शिक्षकको योजना निर्माण, शिक्षण सीप, तथा मूल्याङ्कन क्षमतामा सुधार भएको हुनेछ ।

ख) कक्षाकोठा व्यवस्थापन तथा विद्यार्थी सहभागितामा वृद्धि भएको हुनेछ ।

ग) नियमित, तथ्यपरक र विश्लेषणयुक्त अनुगमन प्रतिवेदन प्रणाली विकास भएको हुनेछ ।

घ) विद्यार्थीको उपस्थिती, निरन्तरता तथा सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

ङ) विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

च) प्रविधिमैत्री शिक्षण सिकाईको अभ्यासको विकास भएको हुनेछ ।

छ) समावेशी, सुरक्षित र सम्मानजनक विद्यालय वातावरणको प्रवर्द्धन भएको हुनेछ ।

## ५. शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन सम्बन्धि ब्यवस्था

५.१. शैक्षणिक स्रोत ब्यक्ति छनौट सम्बन्धि व्यवस्था - **शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन सम्बन्धी कार्यविधि २०८३** ले तोके बमोजिम हुनेछ ।

५.२. **शैक्षणिक स्रोत व्यक्तिकालागि न्यूनतम योग्यता**

क) शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको वा अन्य विषयमा स्नातकोत्तर उत्तीर्ण गरी शिक्षा शास्त्रमा स्नातक वा दश महिने सेवाकालिन तालिम प्राप्त गरेको ।

ख) शिक्षक पेशागत विकास संग संम्वन्धित क्षेत्रमा कम्तीमा ५ वर्ष कार्यानुभव भएको

ग) शिक्षक तालिम सहजिकरण, अनुगमन तथा मुल्यांकन, पेशागत विकास सहयोग, र सिकाइ सामग्री विकासमा अनुभव भएको ।

घ) समावेशी शिक्षण सिकाइ सम्बन्धि ज्ञान तथा अनुभव भएको ।

ङ) विद्यालय अनुगमन तथा मूल्याङ्कन कार्यमा दक्षता भएको ।

च) कम्प्युटर तथा सूचना प्रविधिको राम्रो ज्ञान भएको ।

छ) नेतृत्व, सहकार्य गर्न सक्ने र प्रतिवेदन लेखन, तथा प्रस्तुतीकरण गर्ने क्षमता भएको ।

ज) २१ बर्ष पुरा भइ ६५ बर्ष ननाघेको नेपाली नागरिक ।

## ६. शैक्षणिक स्रोत व्यक्ति छनोट प्रक्रिया

क) कम्तीमा २१ दिनको सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

ख) अनलाइन तथा प्रत्यक्ष आवेदन संकलन गरिनेछ ।

ग) आवेदनहरूको प्रारम्भिक मूल्याङ्कन गरी छोटो सूची तयार गरिनेछ ।

घ) कार्यविधिले तोके अनुसार लिखित परीक्षा सञ्चालन गरी अन्तर्वार्ता तथा प्रस्तुतीकरणको मूल्यांकन गरीनेछ ।

ङ) सफल उमेदवारको योग्यताक्रम अनुसार सूची प्रकाशन गरिनेछ ।

च) छनोट भएका उम्मेदवारसँग करार सम्झौता गरिनेछ ।

**६.१. छनोट समिति सम्बन्धि व्यवस्था:** (१)शैक्षणिक स्रोत व्यक्ति छनोटको लागि देहाय बमोजिमको तिन सदस्यीय छनोट समिति हुनेछ। उक्त समितिले शैक्षणिक स्रोत व्यक्ति छनोटको सम्पुर्ण प्रक्रिया सम्पन्न गर्नेछ।

क. सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. सम्बन्धित पालिकाको प्रमुखले तोकेको विषय विज्ञ - सदस्य

ख. सम्बन्धित पालिकाको शिक्षा शाखा प्रमुख - सदस्य

(टेक्सेस परियोजनाको प्रतिनिधि विषय विज्ञको रूपमा प्राविधिक सहयोग गर्ने छ ।)

## ७. शैक्षणिक स्रोत व्यक्तिको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

क) नियमित रुपमा मासिक योजना बनाएर कम्तीमा १० विद्यालय सुपरिवेक्षण गर्ने, कक्षा अवलोकन गर्ने तथा शिक्षकलाई कोचिंग र मेंटोरींग सहायता प्रदान गर्ने ।

ख) शिक्षक पेशागत विकास गर्न विद्यालयमा शिक्षण सिकाई सामग्री निर्माण तथा प्रयोग मार्फत विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन प्राविधिक सहयोग गर्ने ।

ग) विषयगत शिक्षक सिकाइ समूहको नियमित बैठक तथा अन्तरक्रिया प्रवर्द्धनका गतिविधिहरू योजनाबद्ध रूपमा संचालन गर्ने ।

घ) डिजिटल सिकाइ तथा डिजिटल प्लेटफर्महरूको प्रयोगलाई स्रोत विद्यालयमार्फत प्रवर्द्धन गर्ने ।

ङ) विद्यालयमा समावेशी, सुरक्षित र सम्मानजनक विद्यालय वातावरणको प्रवर्द्धन गर्ने।

च) विद्यालय सुधार योजना तथा स्थानीय तहको शिक्षा योजना निर्माण तथा कार्यान्वयनमा प्राविधिक सहयोग प्रदान गर्ने ।

छ) शैक्षणिक स्रोत व्यक्तिले मासिक योजना, विद्यालय भ्रमण प्रतिवेदन, कक्षा अवलोकन नतिजा तथा सिकाइ प्रगति अभिलेखीकरण गरी समयमै प्रतिवेदन बुझाउने ।

ज) स्थानिय तह, विद्यालय, स्रोत विद्यालय र सरोकारवाला बीच प्रभावकारी समन्वय तथा सूचना आदान–प्रदान गर्ने ।

झ) पालिका भित्रका उत्कृष्ट अभ्यासहरुलाई विद्यालयहरुबीच सिकाइ आदान प्रदानको वातावरण निर्माण गर्ने ।

ञ) तालिम, गोष्ठी तथा कार्यशालामा स्रोत व्यक्ति तथा सहजीकरणकर्ताको भूमिका निर्वाह गर्नु ।

ट) शिक्षकहरूको तथ्याङ्क विवरण अध्यावधिक गरी शैक्षणिक क्रियाकलाप सुधारका लागि पृष्ठपोषण दिने ।

८. शैक्षणिक स्रोत व्यक्तिको करार अवधि १ वर्षको हुनेछ र वार्षिक मूल्याङ्कनका आधारमा करार नवीकरण गर्न सकिनेछ।

९. शैक्षणिक स्रोत व्यक्तिको नियमित अनुगमन, मूल्यांकन गरीनेछ । सोका लागि शिक्षा शाखा प्रमुखले बार्षिक कार्य सम्पादनका मूल्यांकन गर्नेछन । कार्यसम्पादन मूल्यांकनका लागि सूचक पालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. शैक्षणिक स्रोत व्यक्तिको सेवा सुविधा तथा करार सम्बन्धि ब्यवस्था देहाय बमोजिम हुनेछ । सेवा सुविधा, जिम्मेवारी तथा कार्य अवधि सम्झौतामा स्पष्ट उल्लेख गरिनेछ ।

| सि.नं. | विवरण | मासिक (रु) | वार्षिक (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | मासिक तलब | ५३६११ | ६४३३३२ | |
| २ | जीवन यापन भत्ता | | | |
| ३ | पोशाक भत्ता | — | १०,००० | वार्षिक |
| ४ | चाडपर्व भत्ता | — | ५३६११ | वार्षिक |
| | जम्मा रकम | | | — |

११. विविध व्यवस्था

क) यस कार्यविधिमा समेटिन नसकेका विषय स्थानीय तहको कार्यपालिकाको निर्णयअनुसार कार्यान्वयन गरिनेछ ।

ख) आवश्यकता अनुसार दुइपक्षिय सहमतिमा कार्यविधिमा संशोधन गर्न सकिनेछ ।

ग) शैक्षणिक स्रोत व्यक्तिले पेशागत् आचारसंहिता अनिवार्य पालना गर्नुपर्ने छ ।

१२. बजेट तथा स्रोत व्यवस्थापन

शैक्षणिक स्रोत व्यक्ति परिचालनका लागि पालिकाले बजेट विनियोजन गर्नेछ । सोका लागि विकास साझेदार तथा परियोजनासँग सहकार्य गर्न सक्नेछ ।

१३. परियोजना तथा साझेदारसँग समन्वय

विभिन्न सरोकारवाला तथा शिक्षा परियोजनासँग सहकार्य गरीनेछ । अनुभव तथा सिकाइ आदानप्रदान गर्न संयुक्त अनुगमन तथा मूल्याङ्कन मार्फत कार्यक्रमको गुणस्तर सुनिश्चित गरीनेछ ।

## १४. वाधा, अड्काउ फुकाउ

कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिकाले सोको समाधान गर्नेछ । आवश्यकता अनुसार कार्यविधि परिमार्जन तथा संशोधन गर्ने सम्बन्धी सम्पूर्ण अधिकार कार्यपालिकामा निहित रहनेछ ।

## १५. पुनरावलोकन र अद्यावधिक व्यवस्था

(क) गाउँपालिकाले आवश्यकता अनुसार यो निर्देशिका अद्याबधिक तथा परिमार्जन गर्न सक्नेछ ।

(ख) यो कार्यविधि कार्यान्वयनकालागि सम्बन्धित अनुसूचीहरु कार्यपालिकाको स्वीकृतिमा लागु गर्न सक्ने छ । यस्ता अनुसूचीहरु स्वतः यो कार्यविधिको अङ्ग हुनेछन् ।

(घ) यो कार्यविधि आवश्यकता अनुसार परिमार्जन र शंशोधन गर्न सम्पूर्ण अधिकार कार्यपालिकामा रहनेछ ।

# अनुसूची- १

(दफा ६ सँग सम्बन्धित)

## स्रोत व्यक्ति पदको उम्मेद्वार छनोटका लागि लिइने परीक्षाको पाठ्यक्रम

शैक्षणिक स्रोत व्यक्ति पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम र परीक्षा योजना

**परीक्षाको रूपरेखाः यस परिक्षालाई दुइ चरणमा विभाजन गरिएको छ।**

| परीक्षाको किसिम | पूर्णाङ्क |
|---|---|
| लिखित परीक्षा | ५० |
| कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता | ५० |

### लिखित परीक्षा - ५०

यस खण्डबाट २ लामा र ६ संक्षिप्त उत्तर आउने प्रश्न सोधिने छ।

- शैक्षिक व्यवस्थापन, कक्षाकोठा व्यवस्थापन र विभिन्न शैक्षिक/शैक्षणिक योजनाहरू
- दिगो विकास लक्ष्य
- विद्यालय शिक्षा क्षेत्र योजना (२०२२/०२३-२०३१/०३२)
- विद्यालयमा संचालित कार्यक्रमहरू
- आधुनिक शैक्षिक प्रविधि र शिक्षामा नवीनतम चिन्तन
- मानव अधिकार, बालअधिकार र शिक्षामा लैङ्गिक समानता
- उदार कक्षोन्नोति र निरन्तर विद्यार्थी मूल्याङ्कन
- विपदको समयमा प्रयोग गर्न सकिने शिक्षण सिकाइका वैकल्पिक विधिहरू
- नेपालको विद्यालय तहको हालको पाठ्यक्रम सम्बन्धि जानकारी
- मापन र मूल्याङ्कनः अवधारणा, प्रकार, विशेषताहरू, तरिकाहरू
- विद्यालयमा सकरात्मक अनुशासन र विद्यालयले पालना गर्नुपर्ने अचारसंहिता
- शिक्षक व्यवस्थापनः अवधारणा र महत्व
- शिक्षकको पेशागत विकासः संरचना, नीति र कार्यक्रमहरू
- प्रतिवेदन लेखनः अवधारणा, चरण, औचित्य
- शिक्षक पेशागत सहयोग, विधालय सुपरिवेक्षण तथा पेशागत सहायता

## कम्प्युटर सिप परीक्षण र अन्तर्वार्ता - ५०

**कम्प्युटर सिप परीक्षणः**

कम्प्युटर सिप परीक्षणबापत बढीमा २५ अङ्क

| | |
|---|---|
| नेपाली अंग्रेजी टाइपिङ | १० |
| MS office package, इमेल, इन्टरनेट | १५ |

**शैक्षिक योग्यता तथा अन्तर्वार्ता - २५ अङ्क**

अनुभव, शैक्षिक योग्यता तथा अन्तर्वार्ता बापतको २५ अङ्क देहायका आधारमा प्रदान गरिनेछ।

**१. शैक्षिक योग्यता - १० अङ्क**

| क्र सं | विवरण | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|
| १ | न्यूनतम शैक्षिक योग्यता | ७ | ६ | ५ |
| २ | माथिल्लो शैक्षिक योग्यता | ३ | २ | १ |

**२. अन्तर्वार्ता – १५ अङ्क (७० प्रतिशतभन्दा बढी र ३५ प्रतिशतभन्दा कम अङ्क दिनुपरे कारण खोल्नुपर्ने)**

(क) व्यक्तित्व – १ अङ्क

(ख) विषयवस्तुको ज्ञान - ४ अङ्क

(ग) प्रस्तुतीकरण शैली - ४ अङ्क

(घ) शिक्षण सहजीकरण सीप – ४ अङ्क

(ङ) व्यवस्थापकीय तथा समस्या समाधान सीप - २ अङ्क

# अनुसूची- २

## शैक्षिक स्रोत व्यक्ति पदको दरखास्त फाराम

| | |
|---|---|
| विज्ञापन नं. | |
| आवेदन गरेको विषयः | |
| आवेदकको नामः | लिङ्गः |
| जन्म मितिः | सम्पर्क नं. इमेलः |
| स्थायी ठेगानाः | अस्थायी ठेगानाः |
| कार्यरत विद्यालयः | |
| स्थायी नियुक्ति मितिः | नियुक्ति भएको विषयः |

(स्नातकोत्तर र सो भन्दा माथिल्लो शैक्षिक योग्यताको विवरण मात्र पेस गर्ने)

| क्रसं | शैक्षिक योग्यता | विषय | विश्वविद्यालय/बोर्ड | प्राप्ताङ्क प्रतिशत/GPA |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

माथि उल्लिखित व्यहोरा साँचो हो। फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला।

नाम:

हस्ताक्षर:

मिति:

**आवश्यक कागजात (प्रतिलिपि संलग्न गर्ने)**

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) सेवा अवधिको प्रमाणित प्रति,

(ग) न्यूनतम तथा माथिल्लो योग्यताका प्रमाणपत्र।

(घ) सम्बन्धित तहमा काम गरेको नियुक्ति पत्र,

(ङ) प्राप्त गरेका अनुभव तथा तालिमको प्रमाणपत्र,

स्वीकृत मिति : २०८३ साल .......... गते ..........बार।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत